"आठवीस नगरको समुन्नतीको आधार शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पुर्वाधार"

आठवीस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

राकमकर्णाली,दैलेख

कर्णाली प्रदेश, नेपाल

## प्रथम पटक प्रकाशित मिति २०८१/०६/३०

ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना

यस आठबीस नगरपालिकाको कार्यालय दैलेखको आर्थिक वर्ष २०८१/०८२ को लागि नगर कार्यपालिकाद्वारा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तथा निम्न बमोजिम उल्लेखित शर्तहरुको अधिनमा रही ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्का प्रक्रियाद्वारा बिक्रि वितरण गर्नुपर्ने भएकाले इच्छुक फर्महरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक फर्म वा कम्पनीले आफै वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको समय भित्र अध्याबधिक नविकरण गरिएको व्यवसाय दर्ताको प्रमाणपत्र मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र कर चुक्ता प्रमाणपत्र स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र आ व २०७९/८० सम्मको कर चुक्ता गरेको प्रमाणपत्र (व्यक्तिको हकमा लागु नहुने) तपशिलमा उल्लेखित शिलबन्दी दरभाउपत्र दस्तुर निवेदन साथ पेश गरेपछि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. उल्लेखित ठेक्काको कर दस्तुर दररेट र शर्तहरु शिलबन्दी दरभाउपत्र फारममा संलग्न गरिनेछ । शिलबन्दी दरभाउपत्र फारम खरिद दस्तुर रु १०००/-(अक्षरेपी : एक हजार मात्र) नेपाल इन्भेष्टमेन्ट मेघा बैङ्क लि राकमकर्णाली दैलेखमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६३०१४००२५००८५ मा जम्मा गरेको बैक भौचर वा कार्यालयमा नगद बुझाएको आम्दानी रसिद लिई आएमा कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।

३. आफुले चाहेको ठेक्का र कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ। शिलबन्दी दरभाउपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिकाको नाममा नेपाल इन्भेष्टमेन्ट मेघा बैङ्क लि राकमकर्णाली दैलेखमा धरौटी खाता नं. ०६३०१४००२५००३० मा दाखिला गरेको सक्कलै भौचर वा कार्यालयको नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी विड वण्ड समावेश गर्नुपर्नेछ ।

४. यस कार्यालयको छाप एवम् कार्यालय प्रमुख वा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिको सहि छाँप नभएको शिलबन्दी दरभाउपत्र तथा म्याद नाघि वा रित नपुगी प्राप्त भएको शिलबन्दी बोलपत्र माथि कुनै कारबाही हुने छैन।प्राप्त शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

५. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ ।दर्ता भएका शिलबन्दी दरभाउपत्र सोहि दिनको २:०० बजे कार्यालयमा खोलिनेछ साथै खोल्ने समयमा दरभाउपत्रदाता स्वंयम वा निजको प्रतिनिधि उपस्थित नभएका पनि शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६. शिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य शर्तहरु दरभाउपत्र फारमा उल्लेख गरे बमोजिम हुनेछ । अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

७. शिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि कार्यालयको वेवसाइट:www.aathabismun.gov.np, इमेल :ito.aathabismun@gmail.com तथा सूचना पाटी मार्फत लिन सकिनेछ।

तपशिल

| सि नं. | ठेक्का नं. | शिर्षक | परिमाण (घ.मी.) | न्यूनतम वार्षिक ठेक्का अंक (भ्याट सहित) | ठेक्का फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|---|
| १. | ०१/०८१/०८२ | आठबीस नगरपालिका क्षेत्र भित्रको मालचौर देखि टुनिवगर झोलुङ्गेपुल सम्म कर्णाली नदिको बगर सम्म IEE प्रतिवेदनमा उल्लेख भए बमोजिम ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना | ११२६९ | १९,९०,०००।- | १,००० | ४९७५० ।- |
| २. | ०२/०८१/०८२ | आठबीस नगरपालिका क्षेत्र भित्रको टुनिबगर देखि रामघाट हुदै चिनेखोलासम्म IEE प्रतिवेदनमा उल्लेख भए बमोजिम ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना | ८४९४ | १५,००,०००।- | १,००० | ३७५००।- |

आठबीस नगरपालिका दैलेख